


ISSN: 3021-9337 (Print), 3021-9345 (Online)

# *सम्राट् राजर्षि जनक* महाकाव्यको पहिलो सर्गमा अलङ्कारयोजना

**चिन्तामणि भट्टराई**
उपप्राध्यापक
नेपाली विभाग, वाल्मीकि विद्यापीठ
bhattaraicm2031@gmail.com

**Article History:** *Received*: 25 July 2025, *Accepted*: 2 December 2025, *Published*: 14 December 2025.
**DOI:** https://doi.org/10.3126/srj.v3i1.93313

## लेखसार

*प्रस्तुत शोधलेख महाकवि पीताम्बरभोला लम्सालको सम्राट् राजर्षि जनक महाकाव्यको पहिलो सर्गमा के कस्ता अलङ्कारहरू प्रयोग भएका छन् ? तिनको निर्क्योल र अध्ययन गर्ने उद्देश्यले लेखिएको छ । सम्राट् राजर्षि जनक महाकाव्य शास्त्रीय छन्द र अलङ्कारहरूको प्रयोग तथा पूर्वीय काव्य मान्यताहरू अनुशरण गरी लेखिएको महाकाव्य हो । पौरस्त्य परम्पराका के कस्ता अलङ्कारहरूको प्रयोग यस महाकाव्यमा भएको छ त भनेर अध्ययन गर्ने क्रममा नै यो शोधलेखमा पहिलो सर्गमा अलङ्कार योजना भनी अध्ययन गरिएको छ । पहिलो सर्गमा प्रयुक्त अलङ्कारहरूको परिचयका साथ पद्यमा तिनको प्रयोग कसरी भएको छ भन्ने सोदाहरण प्रस्तुति गर्ने काम यस लेखमा गरिएको छ । सम्राट् राजर्षि जनक महाकाव्यको पहिलो सर्गमा भएका अलङ्कारहरूको प्रयोग निर्धारण गर्नु र कुन पद्यमा कसरी त्यो अलङ्कारको प्रयोग भएको छ ? उदाहरणसहित विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । कस्ता कस्ता अलङ्कारहरू पहिलो सर्गमा प्रयोग भएका छन् ,तिनको विवरणका साथ अनुसन्धानात्मक परिचय प्रस्तुत गरिएको छ । शोधको विधिको रूपमा वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ भने सैद्धान्तिक आधार पौरस्त्य काव्यशास्त्रको समन्वयमा रहेको छ । पौरस्त्य काव्यशास्त्रीय काव्यतत्त्वका रूपमा परिचित अलङ्कारहरूको चिनारी पौरस्त्य काव्यशास्त्रकै अनुसार प्रस्तुत गरी ती अलङ्कारहरू महाकवि लम्सालको सम्राट् राजर्षि जनक महाकाव्यको पहिलो सर्गका पद्यहरूमा कसरी घटेका छन् त्यसको उदाहरणपूर्वक प्रस्तुति गर्ने कार्य यस शोध लेखमा गरिएको छ ।*

**शब्दकुञ्जी** : अनुप्रास, उत्प्रेक्षा, उपमा, दृष्टान्त, लोकोक्ति ।

## विषयपरिचय

नेपाली साहित्यको गौरवशाली परम्परामा महाकाव्य विधाको विशेष ऐतिहासिक र सांस्कृतिक महत्त्व रहेको छ । संस्कृत काव्यशास्त्रको प्रभावबाट विकसित नेपाली महाकाव्य परम्परा आफ्नै साहित्यिक पहिचान र सिर्जनात्मकता लिएर उभिएको छ । यस परम्पराको सुरूवात आदिकवि भानुभक्त अचार्यद्वारा अनूदित रामायणबाट भएको मानिन्छ, जसले नेपाली भाषामा महाकाव्य लेखनको आधारशिला राखे । नेपाली महाकाव्यको विकासको इतिहास र परम्परा विचार गर्दा आफ्नै किसिमको देखा पर्दछ । नेपाली साहित्यको इतिहास हेर्दा प्राथमिककालबाट नै महाकाव्य रचना भएको देखिन्छ । आदिकवि भानुभक्तको *रामायण* हालसम्मको अन्वेषण अनुसार नेपाली भाषा साहित्यको पहिलो महाकाव्य हो । रामायणदेखि प्रारम्भ भएको महाकाव्य लेखनको परम्परा हालसम्म पनि निरन्तर अघि बढिरहेकै पाइन्छ । भानुभक्त पछिका अनेक पुस्तामा नेपाली साहित्यमा महाकाव्य विधाको निरन्तर विकास भएको देखिन्छ । महाकाव्य लेखन परम्पराको इतिहासमा महाकवि पीताम्बरभोला लम्सालको योगदान निकै महत्त्वपूर्ण रहेको देखिन्छ । नेपाली साहित्यमा कविता, कथा, निबन्ध, भूमिका, लेखहरू, खण्डकाव्यका साथै सातओटा महाकाव्य लेखेर महाकवि लम्सालले महनीय योगदान गरेका छन् । *मङ्गलसुषमा* (२०२४), *शिवासन्तति* (२०४२), *सारस्वतेय* (२०४७), *युमा* (२०६२), *महासामन्त अंशुवर्मा र भृकुटी* (२०७३), *यमगौतम* (२०७३), *सम्राट् राजर्षि जनक* (२०७३) जस्ता महाकाव्यहरू दिएर लम्सालले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गरेका छन् (भट्टराई, २०८०, पृ. ९६) । नेपाली महाकाव्य परम्परामा उल्लेख्य व्यक्तित्वका रूपमा परिचित महाकवि लम्सालका महाकाव्यहरू पौरस्त्य साहित्य शास्त्रका स्थापित रस, अलङ्कार, वक्रोक्तिजस्ता सिद्धान्तका आधारमा विश्लेषण गर्न योग्य रहेका छन् । महाकवि पीताम्बरभोला लम्सालको *सम्राट् राजर्षि जनक* महाकाव्य आधुनिक नेपाली साहित्यमा शास्त्रीय परम्परा र सिर्जनात्मक प्रयोगको सफल समन्वय हो तथापि यस महाकाव्यको गहिरो अध्ययन हालसम्म भएको छैन । यस महाकाव्यको पहिलो सर्गमा प्रयुक्त अलङ्कारहरूको व्यवस्थित, विश्लेषणात्मक र मूल्याङ्कनात्मक अध्ययनको स्पष्ट अभाव नै देखिन्छ । यही नै प्रस्तुत शोधलेखको शेधान्तराल हो । प्रस्तुत लेखमा *सम्राट् राजर्षि जनक* महाकाव्यको पहिलो सर्गमा अलङ्कारयोजना भनी अलङ्कारका बारेमा अध्ययन प्रस्तुत गरिएको छ । विश्वचर्चित महानायक जनकलाई धीरोदात्त चरित्रका रूपमा प्रस्तुत गरिएको सम्राट् राजर्षि जनक महाकाव्यको पहिलो सर्गमा के कस्ता अलङ्कारहरू प्रयोग गरिएका छन् भन्ने अध्ययन गरी यस शोधलेखमा निष्कर्ष निकालिएको छ ।

## समस्या र उद्देश्य

महाकवि पीताम्बरभोला लम्सालको *सम्राट् राजर्षि जनक* महाकाव्य आधुनिक नेपाली साहित्यमा शास्त्रीय परम्परा र सिर्जनात्मक प्रयोगको सफल समन्वय हो तथापि यस महाकाव्यको गहिरो

अध्ययन हालसम्म भएको छैन । यस महाकाव्यको पहिलो सर्गमा प्रयुक्त अलङ्कारहरूको व्यवस्थित, विश्लेषणात्मक र मूल्याङ्कनात्मक अध्ययनको स्पष्ट अभाव नै देखिन्छ । अतः महाकवि पीताम्बरभोला लम्सालको *सम्राट् राजर्षि जनक* महाकाव्यको पहिलो सर्गमा के कस्ता अलङ्कारहरूको प्रयोग गरिएको छ र ती अलङ्कार कसरी प्रमाणित हुन सक्छन् भन्ने मूल समस्यामा केन्द्रित रहेर उक्त महाकाव्यको पहिलो सर्गमा भएका अलङ्कारहरूको प्रयोग निर्धारण गर्नु र कुन पद्यमा कसरी त्यो अलङ्कारको प्रयोग भएको छ ? उदाहरण सहित विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अनुसन्धान विधि

यो लेख मूलतः वर्णनात्मक, व्याख्यात्मक र पाठ विधिमा आधारित छ । सामग्री सङ्कलनका लागि पुस्तकालय एवं सम्बन्धित व्यक्तित्वहरूलाई आधार बनाइएको छ । मुख्य रूपमा महाकवि पीताम्बरभोला लम्सालको *सम्राट् राजर्षि जनक* महाकाव्य र त्यससम्बन्धी सामग्रीहरूलाई अलङ्कार सिद्धान्तका आधारमा राखी विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

यो शोध शीर्षक पौरस्त्य वाङ्मयमा रहेको महत्त्वपूर्ण काव्यतत्त्व अलङ्कारको महत्त्व प्रकाशित गर्न र उक्त महाकाव्यमा अलङ्कारहरूको प्रयोगको अध्ययनमा केन्द्रित रहेको छ । संस्कृत काव्यशास्त्रमा आचार्य भरतदेखि जगन्नाथसम्मका सबैजसो भाववादी एवं शिल्पवादी आचार्यहरूले कुनै न कुनै रूपमा चर्चा गरेको अलङ्कार तत्त्वका बारेमा यस शोधशीर्षकमा चर्चा गरिएको छ ।

संस्कृत काव्यशास्त्रबाट अलङ्कारको वास्तविक अर्थ प्राप्त गर्न सकिन्छ । अलङ्कारको बारेमा आचार्य भामहले भनेका छन् -

**रूपकादिरलङ्कारस्तस्यान्यैर्बहुधोदितः ।**
**न कान्तमपि निर्भूषं विभाति वनिताननम् ॥** (भामह, सन् १९५६, पृ. १०)

भामहले अलङ्कारलाई काव्यको शोभाधायक तत्त्व बताएका छन् । जसरी एउटी सुन्दरी स्त्रीको मुख आभूषणबिना सुशोभित हुँदैन त्यसरी नै शब्द र अर्थको सुन्दरता भए तापनि अलङ्कारबिनाको काव्य शोभायमान हुँदैन । आचार्य दण्डीले अलङ्कारको बारेमा भनेका छन् -

**काव्यशोभाकरान् धर्मानलङ्कारान् प्रचक्षते ॥** (दण्डी, २०१५, पृ. ७४)

काव्यको शोभा बढाउने सबै गुण वा तत्त्वहरूलाई अलङ्कार भनिन्छ । दण्डीले अलङ्कारलाई व्यापक अर्थमा लिँदै गुण र अलङ्कारबिचको सूक्ष्म अन्तरलाई पनि केलाएका छन्, जहाँ उनले

गुणलाई काव्यको प्राण र अलङ्कारलाई आभूषण को रूपमा प्रस्तुत गरेका छन् । अलङ्कारको बारेमा आचार्य वामनले भनेका छन् –

**काव्यं ग्राह्यमलङ्कारात् ॥ १॥**
**सौन्दर्यमलङ्कारः ॥ २ ॥** (वामन, सन् १९४५, पृ. १)

काव्य अलङ्कारले ग्राह्य हुन्छ । अलङ्कार भनेको सौन्दर्य हो ।

अलङ्कार भन्नासाथ लौकिक रूपमा कुनै गहना वा आभूषण भन्ने अर्थ बुझिन्छ । त्यस्तै काव्य वा साहित्यमा पनि अलङ्कार काव्य रचनाको गहना वा आभूषण नै बुझ्न सकिन्छ । संस्कृत काव्यशास्त्रमा अलङ्कारको व्युत्पत्ति दुई किसिमले गरिएको पाइन्छ । अलङ्करोति असौ, अलङ्क्रियते अनेन इति यस्तो दुबै किसिमका व्युत्पत्तिबाट कुनै पनि अर्थलाई विभूषित गर्ने काव्यतत्त्व नै अलङ्कार हुन् भन्ने जान्न सकिन्छ । अलङ्कारको सामान्य स्वरूप प्रतिपादन गर्दै आचार्य विश्वनाथले भनेका छन् –

**शब्दार्थयोरस्थिरा ये धर्माः शोभातिशायिनः ।**
**रसादीनुपकुर्वन्तोऽलङ्कारास्तेऽङ्गदादिवत् ॥**

जसरी शरीरलाई अङ्ग आदिले शोभा दिँदै उपकार गर्छन् त्यसैगरी अनुप्रास, उपमा आदि शब्दार्थशोभा बढाउने तथा रस आदिका उपकारक तत्त्व अलङ्कार हुन् (विश्वनाथ, २०५३, पृ. ६०५) । अलङ्कारले काव्यमा भएका शब्द अर्थलगायत अङ्गभागलाई हार (माला) ले जस्तै सुशोभित तुल्याउँछन् । काव्यप्रकाशकार आचार्य मम्मट भन्दछन् –

**उपकुर्वन्ति तं सन्तं येऽङ्गद्वारेण जातुचित् ।**
**हारादिवदलङ्कारास्तेऽनुप्रासोपमादयः ॥**

जसले वाचकवाच्यलक्षणको अङ्गभागद्वारा मुख्य रसको उपकार गर्छन् ती कण्ठ आदि अङ्गका उत्कर्षाधान झैँ शरीरवालालाई हार (माला) ले शोभित गरेजस्तै अलङ्कारले शोभित गर्दछन् । जहाँ रस छैन भने त्यहाँ उक्तिवैचित्र्यमात्र हुन्छ, कहीँ कहीँ त रस भएपनि अलङ्कारले उपकार गर्दैनन् (मम्मट, २००७, पृ. ३९१) । अलङ्कारहरूले काव्यरचनाको उपकार गर्दछन् भन्ने उदाहरण प्रशस्त पाइन्छन् । बाला, कुण्डल आदिले जसरी शरीरमा शोभा बढाएर आत्माको उपकार गर्छन् त्यसरी नै काव्यमा पनि शब्दार्थशरीरको शोभा बढाएर आत्मभूत आस्वाद्यमान रस आदिलाई उत्कर्षमा लैजाने तत्त्वहरू अलङ्कार हुन् । शब्द, अर्थ र शब्दार्थोभय गरी अलङ्कारहरू तीन प्रकारका हुन्छन् । सम्राट् राजर्षि जनक महाकाव्यको पहिलो सर्गमा के कस्ता अलङ्कारहरूको योजना छ त्यसलाई पर्गेल्ने प्रयास यहाँ गरिएको छ ।

## *सम्राट् राजर्षि जनक* महाकाव्यको पहिलो सर्ग

### कथावस्तु

*सम्राट् राजर्षि जनक* महाकाव्य जम्मा बाइस सर्गमा फैलिएको छ । यो महाकाव्य पूर्वीय अर्थात् पौरस्त्य काव्यशास्त्रीय मान्यतामा आधारित छ । राजर्षि जनकको वंशावलीको वर्णन र रामसीताको विवाहमा आधारित कथामा तयार भएको *सम्राट् राजर्षि जनक* महाकाव्यको पहिलो सर्गमा मानवजातिले आदिकालदेखि पाइला चाल्दै गरेको वर्णनबाट राजर्षि जनकको वंश प्रारम्भ भएको, जनकका चूडान्त आदर्श ऋषि याज्ञवल्क्य (महान् तपस्वी) रहेका, ब्रह्मवादी आध्यात्मिक युग बदलिएर च्याउ उम्रेझैं कैयौं वाद उम्रिएको चर्चा गरिएको छ । वेदान्ती युग अन्त गर्न बुद्धवादी मत उदाएको, बुद्धवादी मतले मध्यम मार्ग अपनाएको, अर्को विकासवाद भन्ने मत पनि उदाएको विचार प्रस्तुत गरिएको छ । विकासवादी भौतिकवाद र ब्रह्मवादी अध्यात्मवादको तर्क फरक रहेको, ब्रह्मवाद वेदान्ती युगचित्र नै जनकको वंशावलीको सार हो भन्ने चिन्तन पनि यसमा प्रस्तुत गरिएको छ । विवेकशील विद्वज्जनले अध्यात्म र भौतिक दुवैलाई नीरक्षीर विवेकले हेर्नुपर्ने, जनकको ब्रह्मवादी अध्यात्म ब्रह्मसभामा याज्ञवल्क्य, शाकल्य, अश्वल, मैत्रेयी, गार्गी, कश्यप, विश्वामित्र, नन्दी, भरद्वाज, जमदग्निजस्ता ज्ञानीहरूको चिन्तन थियो भन्ने सङ्केत गरिएको छ । यसैगरी त्यही समयमा अयोध्यामा वसिष्ठ गुरूका शिष्य दाशरथी रामसित भित्रभित्रै सम्बन्ध गाँस्ने चाहना जनकको थियो, दाशरथी इतिहासको खोजी गर्ने, वसिष्ठबाट ब्रह्मको चिन्तनमा लाग्ने गहन व्यक्तित्व थिए । यस्तो वंश लामो समय बित्दै जाँदा कैयौं टक्कर र मोडबाट आजको मानव सभ्यता बनेको, पूर्वजको सुचिन्तनले हामी अमृतत्त्व पान गर्न सक्षम बनेको, पूर्वजबाट नै हामी मान्छेको खाका तयार भएको जस्ता चिन्तन व्यक्त गरेर विदेहको वंश लेख्न सुरू गरेको विवरण पहिलो सर्गमा वर्णन गरिएको पाइन्छ ।

### पहिलो सर्गमा अलङ्कारयोजना

*सम्राट् राजर्षि जनक* महाकाव्यमा विभिन्न अलङ्कारहरूको योजना गरिएको पाइन्छ । शब्दालङ्कार र अर्थालङ्कारका अनेक प्रकारहरू यस महाकाव्यको पहिलो सर्गमा प्रयोग भएका देखिन्छन् ।

### अनुप्रास अलङ्कार

समान वर्ण अथवा समान शब्दहरूको प्रयोग भएको छ भने अनुप्रास अलङ्कार हुन्छ । वर्णहरूको सादृश्यमा तथा शब्दहरूको समानतामा अनुप्रास अलङ्कार हुन्छ, जस्तै -

**झर्ना झङ्कृत यी अलङ्कृतमयी आकाशचुम्बी चुली**
**नारीतुल्य उषा निशान्त वसुधा फेर्दी सधैँ काँचुली**
**लामा लोल तरङ्ग गोल भुमरी बोकेर सौदागर**
**मीठो चुम्बन चन्द्रको लिन अहो ! बढ्दो महासागर** (लम्साल, २०७३, पृ. १) ।

यहाँ झङ्कृत-अलङ्कृत, चुली-काँचुली, लोल-गोल, सौदागर-महासागर जस्ता शब्दहरूको समानतामा शब्दालङ्कार-अनुप्रास रहेको देखिन्छ । यस्तै अर्को श्लोकमा -

**भर्थे बर्बरता विषे विनयता हिंसा अहिंसातिर**
**ढाल्दै क्रूर असभ्यता पनि बढे यी सभ्यता खातिर**
**डोऱ्याएर पशुत्वबाट जगतै ल्याए मनुष्यत्वमा**
**पुग्दैनन् उपदेश प्राप्त गरने को जीव अस्तित्वमा ?** (लम्साल, २०७३, पृ. १४) ।

यहाँ बर्बरता-विजयता, हिंसा-अहिंसा, असभ्यता-सभ्यता, पशुत्व-मनुष्यत्व जस्ता शब्दहरूको समान प्रयोगले गर्दा अनुप्रास अलङ्कार स्पष्ट देखिन्छ ।

**उपमा अलङ्कार**

वर्णनीय वा प्रकरणको अप्राकृत, अवर्णनीय वस्तुद्वारा दुवैको साधर्म्य अर्थात् साधारण धर्मलाई लिएर सादृश्यवर्णनमा चमत्कार वा उत्कर्ष सम्पादन गर्दछ भने त्यसलाई उपमा अलङ्कार भनिन्छ । यसमा उपमान, उपमेय, साधारणधर्म तथा वाचक शब्द गरी चार तत्त्वहरू रहेका हुन्छन् । चारवटै तत्त्व रहेको वाच्य छ भने पूर्णोपमा हुन्छ तर तीमध्ये कुनै एक, दुई वा तीन मात्र तत्त्व छन् भने त्यसलाई लुप्तोपमा भनिन्छ । जस्तै :

**बाढी श्वेतवराह कल्प भनिने उर्लेर ढाक्यो धरा**
**हाहाकार अपारको हुन गयो संहार सारा कुरा**
**भो सारा जलमग्न भित्र अवनी खाल्टो डुबेझैं गरी**
**भागेका नर क्यै बचे शिखरमा स्वर्गीय द्यौता सरि** (लम्साल, २०७३, पृ. १९) ।

प्रस्तुत पद्यमा श्वेतवराह कल्पमा उर्लेर आएको बाढीले सारा पृथ्वी ढाक्दा सबै कुरा नास भई हाहाकार भएको, सारा जलमग्नताभित्र पृथ्वी खाल्टोमा डुबेझैं हुँदा केही मान्छे भागेर शिखरमा गई बाँचे जसरी स्वर्गीय द्यौताहरू शिखरको स्वर्गमा रहेका छन् भनी वर्णन गरिएको छ । यहाँ खाल्टो उपमान, अवनी उपमेय, डुबेको वर्णन साधारण धर्म तथा झैं वाचक शब्द आएका छन् । त्यस्तै द्यौता उपमान, नर उपमेय, भाग्नु साधारण धर्म तथा सरि वाचक शब्द प्रयोग भएको हुनाले उपमा अलङ्कार रहेको स्पष्ट देखिन्छ । यसैगरी अर्को श्लोकमा पनि उपमा अलङ्कार देख्न सकिन्छ -

**यै प्रश्नोत्तरदा थिए जनक यी मूर्धन्य मार्तण्डझैं**
**झार्थे अमृत ज्ञानका गहकिला गम्भीर धारा सधैं**
**भो आमज्जित लोक ब्रह्म रसमा आलीन भो ब्रह्ममा**
**पानी सागरमा पुगेसरि बगी पुग्थे परंब्रह्ममा** (लम्साल, २०७३, पृ. १२) ।

यस पद्यमा जनक सूर्यजस्तै ज्ञानका गम्भीर अमृत धारा झार्थे र त्यसमा लोक निमग्न बन्थ्यो तथा पानी बग्दै सागरमा पुगेजस्तै ज्ञानधारामा बगेर उनी परंब्रह्ममा पुगे भनी वर्णन गरिएको छ । यहाँ मार्तण्ड उपमान, जनक उपमेय, प्रकाश ज्ञान झार्नु साधारण धर्म तथा झैँ, सरि जस्ता वाचक शब्दको प्रयोग गरिएको छ । त्यसैले यहाँ उपमा अलङ्कारको प्रयोग स्पष्ट देखिएको छ ।

**रूपक अलङ्कार**

जहाँ उपमान र उपमेयको अभेद प्रतिपादन गरिन्छ त्यहाँ रूपक अलङ्कार हुन्छ । प्रसिद्ध भेदमा पनि उपमान र उपमेयका बिचमा अभेद प्रतिपादन गरिएको छ भने रूपक अलङ्कार हुन्छ । यसमा उपमेयलाई आरोप्य तथा उपमानलाई आरोप भनिन्छ, जस्तै -

**कैले शान्त छ यो अशान्त कहिले हाँसो कतै रोदन**
**कैले यो रनभुल्ल बन्छ कहिले यो लाग्छ भौंतारिन**
**यस्तो मानव चित्त एक छिन ता हेरेर यो पुस्तक**
**बिर्सी अल्मलियोस यो जगतको विभ्रान्ति वा चक्चक** (लम्साल, २०७३, पृ. २) ।

माथिको पद्यमा जगत्को विभ्रान्ति वा चक्चकलाई पुस्तकमा आरोप गरिएको छ । संसार र किताबका बिच अभेद स्वरूप प्रतिपादन गरिएको छ । त्यसैले यहाँ रूपक अलङ्कार रहेको देखिन्छ । यसैगरी अर्को पद्यमा पनि रूपक अलङ्कारको प्रयोग देख्न सकिन्छ, जस्तै -

**उच्चा स्वर्ग धरा भयो अमर झैँ खानेकुरा अमृत**
**बाढी गो घटदै सुक्यो सब धरा खाद्यान्न भो आवृत**
**स्वाँरा स्वर्ग उँचा समस्त गहिरा पाताल होचा जति**
**संसारै सब माझ मर्त्य हुन गो भो भूर्भुवः स्वः स्थिति** (लम्साल, २०७३, पृ. ४) ।

यहाँ धरतीको उच्च भाग स्वर्ग भयो, त्यहाँको खानेकुरा अमृत बन्यो । बाढी घट्दै गएपछि पृथ्वी खाद्यान्नले आवृत  बन्यो । उच्च भाग स्वर्ग, गहिरो ,होचो भाग पाताल आदि तथा सबैको मध्य भाग मर्त्यलोक भयो र यसैबाट भूर्भुवः स्वः को स्थिति भएको हो भनी वर्णन गरिएको छ । यहाँ धराकै अग्लो भागमा स्वर्गको आरोप, मध्य भागमा मर्त्यलोक र गहिरो, होचो भागमा पातालको आरोप गरिएको हुनाले रूपक अलङ्कारको प्रयोग देखिन्छ ।

**उत्प्रेक्षा अलङ्कार**

संस्कृतमा सादृश्य सम्भावनमुत्प्रेक्षा भनेर जसमा एक वस्तुको समानता अर्को वस्तुको अनुमानको आधारमा गरिन्छ त्यसलाई उत्प्रेक्षा अलङ्कार भनिएको छ । यो अलङ्कार कल्पना र संभावनामा आधारित हुन्छ । यस अलङ्कारमा सादृश्य वा समानता देखाइन्छ । त्यस्तै दुबै वस्तुको तुलना संभावनाका रूपमा गरिन्छ र कविको कल्पना महत्त्वपूर्ण हुन्छ, जस्तै -

ISSN: 3021-9337 (Print), 3021-9345 (Online)

**भन्ने भाव तरङ्गिए मनभरी खोजी गरौं क्यै भनी**
**लागे सोच विचार गर्न मनमा उड्दो चरीझैँ बनी**
**थाकी धर्मर दर्शने गगनमा उड्दा पखेटा झरी**
**घिस्रेको खगझैँ छ यो जगतमा आधार मिल्लासरि** (लम्साल, २०७३, पृ. ७) ।

उपर्युक्त श्लोकमा उज्यालो आउँछ भन्ने भाव मनभरी तरङ्गित गर्दै उड्दो चरीझैँ बनेर सोचविचार गर्न लागेको वर्णन गरिएको छ । धर्म र दर्शनको गगनमा उड्दा पखेटा झरेर थाकी जगत्मा घिस्रेको चरोझैँ भएको छु र केही आधार मिल्लाझैँ आशामा छु भनी वर्णन गरिएको छ । यहाँ तरङ्गित मन भएको मानिसलाई गगनमा उड्दो चरीको सम्भावनाका रूपमा प्रस्तुत गरी कविको रोचक कल्पना प्रस्तुत गरिएकाले उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको देखिन्छ । यसैगरी अर्को श्लोकमा भएको उदाहरण –

**तर्कै तर्क छबालको पनि अहो काढ्छन् कि छालासरि**
**सानोमा अति सूक्ष्म दृष्टि यिनको हेर्छन् कि झैँ रौं चिरी**
**धर्ती काफलझैँ कमण्डलुभरी थन्क्याउँथे सागर**
**लिन्थे उच्च विचार ब्रह्मविषयी देख्ने परंका पर** (लम्साल, २०७३, पृ. १३) ।

माथिको श्लोकमा सानैमा दाशरथी राम सूक्ष्मदृष्टि, उच्चविचार र परंब्रह्मको दर्शन गर्ने किसिमका थिए भन्ने सन्दर्भमा बालक भए पनि छाला काढ्ने तर्क, रौं चिर्ने सूक्ष्मदृष्टि, धर्तीमै सागर थन्क्याउने भएका राम ब्रह्मविषयी विचारका हुन् कि भन्ने सम्भावना प्रस्तुत गरेर उत्प्रेक्षा अलङ्कारको उदाहरण दिइएको छ ।

**दृष्टान्त अलङ्कार**

जहाँ दुई वाक्यमा एउटै कुरालाई दुई प्रकारले बिम्ब र प्रतिबिम्वका रूपमा प्रस्तुत गरिन्छ त्यहाँ दृष्टान्त अलङ्कार हुन्छ । दुई भिन्न भिन्न कुरालाई एउटै अर्थमा दर्शाइन्छ भने दृष्टान्त अलङ्कार भनिन्छ । मूलतः कुनै कुराको सत्यता प्रमाणित गर्न त्यसै किसिमको अर्को भनाइ प्रस्तुत गरिन्छ र जसले पूर्वकथनको प्रामाणिकता सिद्ध हुन्छ भने त्यहाँ दृष्टान्त अलङ्कार हुन्छ, जस्तै –

**यै हो तत्त्व विकासवादतिरको छन् घाम छाया दुवै**
**हेरौं भौतिकवादको पनि गुदी मस्तिष्क छामी सबै**
**कस्तो तर्क छ तत्त्व कुन् कुन दिए कस्तो छ त्यो सागर**
**छालैमा गहिराइ भित्र नडुबी मोती कहाँ मिल्छ र ?** (लम्साल, २०७३, पृ. ९) ।

माथिको श्लोकमा विकासवादको तत्त्व पनि घाम छाया दुवै हो, हामीले भौतिकवादको मस्तिष्क छामी गुदी हेर्नुपर्छ, कस्तो तर्क र कुन तत्त्व त्यसमा छ भन्दै सागरको छालमा मोती पाउन सकिन्न,

भित्र नै गहिराइमा डुब्नुपर्छ भन्ने प्रामाणिकता सिद्ध गरिएको हुनाले दृष्टान्त अलङ्कारको समुचित उदाहरणका रूपमा मोती पाउन डुब्नुपर्ने बताइएको छ । यस्तै अर्को पद्यमा पनि उदाहरण हेर्न सकिन्छ -

**भोगी भोग पदार्थका अनुभवी भण्डारझैँ ज्ञानका**
**राजा सिद्ध महर्षि चिन्तक सुधी वेदान्त विज्ञानका**
**गर्थे जीवनको तुरीय पदमा आब्रह्मको चिन्तन**
**को पो सक्छ ? नभै सबै अनुभवी सच्चाइ पैल्याउन** (लम्साल, २०७३, पृ. १३) ।

उपर्युक्त पद्यमा ज्ञानी, वेदान्तका चिन्तक, सिद्ध, महर्षिहरू पूर्ण ब्रह्मको चिन्तन गरेर तुरीय पदमा आरूढ हुन्छन् भन्दै सबै अनुभव नगरी कसले सच्चाइ पैल्याउन सक्छ र ? भन्ने मिठो उदाहरण दिएर दृष्टान्त अलङ्कार प्रस्तुत गरिएको छ ।

**लोकोक्ति अलङ्कार**

लोकमा प्रचलित, प्रसिद्ध उक्ति वा भनाइलाई वाक्य वा पद्यमा समाविष्ट गरी भाषालाई अधिक प्रभावी र मनोरञ्जक बनाइन्छ भने त्यसलाई लोकोक्ति अलङ्कार भनिन्छ, जस्तै -

**यी राजर्षि महर्षि यी जनकको वंशावली लेखिँदा**
**यिन्को मुख्य चरित्र नै उपनिषद् वेदान्तझैँ देखिँदा**
**झल्को एक झलक्क के उपनिषद् आदर्श झल्काउनु ?**
**हो कर्तव्य स्वयं सुगन्ध सुनमा हालेर टल्काउनु** (लम्साल, २०६३, पृ. ८) ।

राजर्षि जनकको वंशावली लेखिँदा उनको मुख्य चरित्र नै उपनिषद् वेदान्तझैँ देखिएको वर्णन माथिको श्लोकमा गरिएको छ । उपनिषद्को आदर्श एक झल्को मात्र देखाएर के हुन्छ र खास कर्तव्य भनेको त सुनमा सुगन्ध हालेर टल्काइयो भने त्यो साँच्चै नै राम्रो हुन्छ भन्दै उपर्युक्त पद्यमा लोकमा प्रसिद्ध सुनमा सुगन्ध भन्ने भनाइ प्रयोग गरिएको हुनाले लोकोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । त्यस्तै अर्को उदाहरण पनि हेर्न सकिन्छ–

**तर्कै तर्क छबालको पनि अहो काढ्छन् कि छालासरि**
**सानोमा अति सूक्ष्म दृष्टि यिनको हेर्छन् कि झैँ रौं चिरी**
**धर्ती काफलझैँ कमण्डलुभरी थन्क्याउँथे सागर**
**लिन्थे उच्च विचार ब्रह्मविषयी देख्ने परंका पर** (लम्साल, २०७३, पृ. १३) ।

बालक नै भए पनि दाशरथी राममा गहन तर्क, सूक्ष्म दृष्टि, उच्च विचार र परंब्रह्मको दर्शन गर्न सक्ने सामर्थ्य रहेको वर्णन गर्दै मूलतः माथिको श्लोकमा लोकमा प्रसिद्ध सादा जीवन उच्च विचारको भाव व्यक्त भएको हुनाले लोकोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ ।

यसैगरी *सम्राट राजर्षि जनक* महाकाव्यको पहिलो सर्गमा अन्य अर्थान्तरन्यास, निदर्शना, विरोधाभास, स्वभावोक्ति जस्ता अलङ्कारहरू पनि प्रयोग भएका देखिन्छन् ।

## निष्कर्ष

अलङ्कार प्रयोगको प्रयोजन अभिव्यज्यमान गद्यपद्यमा भएका रसादि तत्त्वहरूलाई उत्कर्ष प्रदान गरेर विभूषित पार्नु हो । *सम्राट् राजर्षि जनक* महाकाव्यको पहिलो सर्गमा सृष्टिको वर्णनका क्रममा राजर्षि जनकको वंश प्रारम्भ भएको वर्णन गरिएको छ । यसै क्रममा बुद्धवादी मतको उदय, विकासवाद अर्थात् भौतिकवादको चर्चा गरिएको छ । ब्रह्मवाद वेदान्ती युगचित्र नै जनकको वंशावलीको सार हो भन्ने चिन्तनका साथ विदेहको वंशलेखनको प्रारम्भ गरेको सङ्केत पहिलो सर्गमा गरिएको छ । जम्मा असी (८०) श्लोक भएको पहिलो सर्गका विविध श्लोकहरूमा विविध अलङ्कारहरूको समुचित प्रयोग भएको तथ्य सोदाहरण प्रस्तुत गरिएको छ । अलङ्कारयोजनाको अनुसन्धान गर्ने क्रममा यस लेखमा अनुप्रास अलङ्कार, उपमा अलङ्कार, रूपक अलङ्कार, उत्प्रेक्षा अलङ्कार, दृष्टान्त अलङ्कार, लोकोक्ति अलङ्कारको प्रयोगलाई उदाहरणपूर्वक प्रस्तुत गरिएको छ । पहिलो सर्गमै प्रयोग भएका अर्थान्तरन्यास, निदर्शना आदि अलङ्कारहरूको चर्चा अधिक विस्तार हुन्छ भन्ने भयले गर्न सकिएको छैन । चर्चा गरिएका अलङ्कारहरूको सामान्य परिचय दिएर पहिलो सर्गमा भएका श्लोकहरूको उदाहरणद्वारा पुष्टि गर्ने प्रयाससमेत यस लेखमा गरिएको छ । यस प्रकार सम्राट् राजर्षि जनक महाकाव्यको पहिलो सर्गमा गरिएको अलङ्कार योजना शीर्षकको यस अनुसन्धानात्मक लेखबाट कुनै गद्य-पद्य कृतिमा अलङ्कारप्रयोग सम्बन्धी शोधकार्य गर्न चाहने व्यक्तित्वहरूलाई उत्साह प्रदान गर्न सक्नेछ भन्ने निष्कर्ष दिन सकिन्छ ।

## सन्दर्भ सूची


दण्डी (२०१५), *काव्यादर्श*, वाराणसी : चौखम्बा विद्याभवन ।

भट्टराई, तीर्थराज (२०८०), *पीताम्बरभोला लम्सालका महाकाव्यहरूको सर्वेक्षण*, शब्दसार, पृ. ९६ – १०१ ।

भामह (सन् १९५६), *काव्यालङ्कार*, मायलापुर मद्रास : श्री बालमनोरमा प्रेस ।

मम्मट (सन् २००७), काव्य प्रकाश (ष.सं.), आ. विश्वेश्वर (हि. व्या), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

लम्साल, पीताम्बरभोला (२०७३), *सम्राट् राजर्षि जनक* (म.का.), इटहरी : विमला (कल्याणी) सापकोटा, शिवराज सापकोटा ।

वामन (सन् १९२६), *काव्यालङ्कारसूत्राणि*, बम्बईः निर्णयसागर प्रेस ।

विश्वनाथ (२०५३), *साहित्यदर्पण* (प.सं.), आचार्यः कृष्णमोहन शास्त्री (व्या), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।